बैठक संख्या १४ समयः बिहान ११ बजे बैठक मिति २०७९।०७।२०

आज मिति २०७९ साल कार्तिक २० गतेका दिन यस नौगाड गाँउपालिकाका अध्यक्ष श्री दलजीत सिह धामी ज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा नौगाड गाँउ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरुमा छलफल गरी सर्वसम्मत निर्णय पारित गर्दै सम्पन्न गरियो।

उपस्थिति

| क्रस | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दलजीत सिह धामी | अध्यक्ष | |
| २ | श्री जगत सिह ठगुन्ना | उपाध्यक्ष | |
| ३ | श्री हरीलाल सिह महता | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री नारायण सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री राइ सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री कृष्ण सिह धामी | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री राम सिह धामी | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री राजेन्द्र सिह बोहरा | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री गणेश टमटा | कार्यपालिका सदस्य | गणेश |
| १० | श्री चन्द्रा टमटा | कार्यपालिका सदस्य | चन्द्रा |
| ११ | श्री जोगी टमटा | कार्यपालिका सदस्य | |
| १२ | श्री नरमा धामी | कार्यपालिका सदस्य | |
| १३ | श्री बसन्ती ठगुन्ना | कार्यपालिका सदस्य | |
| १४ | श्री रुकमती ठगुन्ना | कार्यपालिका सदस्य | रुकमती |
| १५ | श्री पुष्कर सिह धामी | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रितः श्री विमल सिंह धामी, का.स.

पुष्कर सिंह धामी
प्रमुख प्रशासकीय अधिकृत

तपसिलः

प्रस्तावहरुः

१. उपाध्यक्ष कोशेली कार्यक्रम सञ्चालन कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा।
२. अविवाहित महिला तथा एकल पुरुषहरुको मासिक भत्ता निर्धारण सम्बन्धमा।
३. मृगौला प्रत्यारोपण गरेका डायलासिस गराइरहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीहरुलाई मासिक रकम उपलव्ध गराउने सम्बन्धमा।
४. दीर्घरोगीहरुलाई निशुल्क औषधी वितरण गर्ने सम्वन्धमा।
५. नवौ राष्ट्रिय खेलकुद छनौटमा भएको खर्च भुक्तानी गर्नेसम्वन्धमा।
६. विविध खर्च शीर्षकको रकम रकमान्तर सम्बन्धमा।
७. मा वि सिप्टी स्कुलको सम्झौताको म्याद थप गर्ने सम्बन्धमा।
८. छात्रवृति उपलव्ध गराउने सम्वन्धमा सम्बन्धमा।
९. श्रम सहकारीमार्फत योजना कार्यान्वयन गर्ने सम्वन्धमा।

पुष्कर सिंह धामी
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं १** प्रस्ताव न १ माथि छलफल गर्दा उपाध्यक्ष कोशेली कार्यक्रम सञ्चालन कार्यविधि २०७९ स्वीकृत गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

**निर्णय नं २** प्रस्ताव नं. २ माथी छलफल गर्दा अविवाहित महिला तथा एकल पुरुषको मासिक भत्ता रु ५०० पाचँसय मात्र निर्धारण गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

**निर्णय नं ३** प्रस्ताव न ३ माथि छलफल गर्दा यस गाउपालिका अन्तर्गत स्थायी बसोवास गर्ने मृगौला प्रत्यारोपण गरेका, डायलासिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाई औषधी उपचार गराउने सम्बन्धी कार्यविधि २०७८ बमोजिम रकम उपलव्ध गराउने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।

**निर्णय न ४** प्रस्ताव न ४ माथि छलफल गर्दा यस नौगाड गाउँपालिका अन्तर्गत स्थायी बसोवास गर्ने दीर्घरोगीहरुलाई मासिक आवश्यक औषधी नौगाड गाउँपालिका गाउकार्यपालिकाको कार्यालयको स्वास्थ्य शाखाबाट निशुल्करुपमा उपलव्ध गराउने निर्णय सर्वसम्मत पारित गरियो।

**निर्णय न ५** प्रस्ताव न ५ माथि छलफल गर्दा नवौ राष्ट्रिय खेलकुद प्रतियोगिताको छनौट लागि यस गाउँपालिकाका खेलाडीहरुको होटल खर्च र सहयोग स्वरुप रु ५००००/- राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता शीर्षक बाट रकमान्तर गरी उपलव्ध गराउने निर्णय सर्वसम्मत पारित गरियो।

**निर्णय नं ६** प्रस्ताव न ६ माथि छलफल गर्दा तपसिल अनुसारको खर्चशीर्षकको रकम रकमान्तर गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

| क स | खर्च शिर्षक | साविक योजना तथा कार्यक्रम | संशोधित योजना तथा कार्यक्रम | स्रोत | रकमान्तर गरिएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | विविध | सवारी साधन मर्मत | राजश्व बाँडफाड | १०००००० | |

**निर्णय नं ७** प्रस्ताव न ७ माथि छलफल गर्दा गणेश विनायक मा वि सिप्टिको निर्माणाधीन विद्यायल भवन निर्माणको ठेक्का सम्झौता २०७९ चैत्र मसान्तसम्म थप गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

पुष्कर सिंह धामी
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ८ प्रस्ताव न ८ माथि छलफल गर्दा मिति २०७९।०५।२४ गते रातीको अविरल वर्षाको कारण घर पूर्ण रुपमा क्षति भएकोले लटिनाथ नमुना मा वि चौपातामा तीन वर्षे बाली विज्ञान अध्ययरत यस नौगाड गाउपालिका वडा न १ वस्ने मानबहादुर ठगुन्नाको छोरी श्री मञ्जु ठगुन्नालाई छात्रवृत्ति स्वरुप रु १०००० (दश हजार मात्र) उपलव्ध गराउने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ९ प्रस्ताव न ९ माथि छलफल गर्दा सघीय सरकार र प्रदेश सरकार मातहतका कार्यालयहरुबाट यस गाउपालिका अन्तर्गत कार्यान्वयन गरिने योजना तथा कार्यक्रमहरु यस कार्यालयमा नियमानुसार दर्ता भएका श्रम सहकारीहरु मार्फत कार्यान्वयन गर्ने र सोको जानकारी सङ्घीय सरकार र प्रदेश सरकारका सम्बन्धित कार्यालयहरुलाई गराउने निर्णय सर्वसम्मत पारित गरियो।

पुष्कर सिंह सामी
प्रमुख प्रशासकीय अधिकृत